# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।१८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी सुमित रौनियारसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी सुमित रौनियारसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।१८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **सुमित रौनियार समेत** (वि.अ. को (मुद्दा नं. ०७७-CR-००६३ वि.अ. को फैसला मिति २०८०।०६।२२) | सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | ठेक्काको म्याद थप गर्ने सिलसिलामा निर्माण व्यवसायीले कार्य सम्पादन जमानत NB:PS:PB: ३८२०८/२०१४ को मात्र म्याद थप गर्न मिति २०७३/०७/०९ मा आयोजनामा निवेदन दिएकोमा सो निवेदनमा आयोजना प्रमुखले लेखा शाखाको नाउँमा तोक आदेश गरेकोमा प्रतिवादी नारायण बहादुर थापाले परिणाम र असर बारेमा जानीजानी मिति २०७३/८/१५ मा ठेक्काको कार्य सम्पादन जमानतको म्याद समेत थप गरेको। गलत व्यहोराको टिप्पणी उठाई सिफारिस गरेको आधारमा रु. १,१४,७६,०००। को उक्त कार्य सम्पादन जमानत फुकुवा हुन गई नेपाल सरकारलाई हानि नोक्सानी हुन गएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन २०५९, को दफा १७ अनुसारको कसुर भएकोले निजहरुलाई उक्त ऐनको दफा १७ र दफा ३ (१) बमोजिम सजाय गरी उक्त | **१. फैसलाः**<br>बोलपत्र सम्बन्धी लिखतमा कार्य सम्पादनको जमानतको अवधि घटीमा Defect Notifiaction Period सम्म हुनुपर्ने भन्ने उल्लेख भई सोही बमोजिम काठमाडौं दिगो विकास सहरी यातायात आयोजना र ZIEC - Pappu JV बीच मिति २०७१।०३।०९ मा सम्झौता भएकोमा सो सम्झौता विपरीत उक्त जेभीको तर्फबाट प्रतिवादी सुमित रौनियारले Defect Notifiaction Period बाँकी छँदै मिति २०७४।७।१२ मा नेपाल बंगलादेश बैंकमा निवेदन दिई नेपाल सरकारलाई हानि पु-याउने वदनियतले कार्य सम्पादन जमानत रु.१,१४,७६,०००।- फुकुवा गराई लगेको प्रतिवादीको वयान लगायतका मिसिल संलग्न प्रमाण कागजहरुबाट देखिंदा प्रतिवादी सुमित रौनियारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) बमोजिम कसूर गरेको। सो प्रतिवादीलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४(ङ) बमोजिम कैदको सजाय नगरी उक्त बिगो रु. १,१४,७६,०००।- बमोजिम जरिवाना हुने। विगो जम्मा भैसकेको देखिंदा विगो जफत गर्नु परेन। मिसिल संलग्न प्रमाणबाट अन्य प्रतिवादीहरु नारायण बहादुर थापा, वेलबहादुर नेपाली, गिरीप्रसाद, श्रेष्ठ, श्यामबहादुर खत्रीको हकमा दावीको कसूरमा संलग्नता रहेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएकोले निजहरुले आरोपित दावीबाट सफाई पाउने भन्ने मिति २०८०/०६/२२ मा बिशेष अदालत | क) प्रस्तुत मुद्दामा टेकु पुल निर्माण ठेक्का नं. KSUTP/W/DOR/ICB-०२ को लागि ZIEC-Pappu JV ले ठेक्का प्राप्त गरी सो Joint venture को ठेक्काको कार्यमा ठेक्काको अख्तियारनामा (Power of attorney) सुमित रौनियारले लिई उक्त ठेक्काको कारोवार गरेको देखिएको। सो ठेक्का पारी मिति २०७१/३/९ मा सम्झौता गर्दा रु. १,१४,७६,०००।- को कार्य सम्पादन जमानत (NP:PS:३८०४८/२०१४) र रु. १,७२,१४,०००।- को कार्य सम्पादन जमानत (NB:PS:PB:३८२०८/२०१४) पेश गरी उल्लेखित पुल निर्माणको ठेक्का लिई आएकोमा सम्झौताको Document, clues ४:२ मा कार्य सम्पादन जमानतको अवधि Defect notification period सहित हुनुपर्ने भन्ने व्यवस्था रहेको।<br>ख) यसरी ठेक्का व्यवस्थापन वन्दोवस्ती गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली समेतको व्यवस्था वमोजिम न्यूनतम शर्त पालना गरी गराई Procurement (खरिद कार्य) सम्पादन गर्नु उक्त कार्यमा संलग्न हुने सबै पदाधिकारीहरुको कर्तव्य एवं दायित्व हुने किनभने सार्वजनिक/ सरकारी कार्यालयमा हुने सबै खाले खर्च, आम्दानी तथा खरिदको कार्य तोकिएको कानूनी व्यवस्था अनुरुप अनिवार्य रुपमा पालना गरी राज्य/ सरकारको खर्चलाई मितव्ययी र किफायती (Economies) गर्नुपर्ने र सरकारी नोक्सानी हुन सक्ने कुनै कारण भएमा हुन जान सक्ने भई सो कार्यलाई तत्काल रोक्ने दायित्व कर्मचारी बर्गको परम कर्तब्य अन्तर्गत रहेको। यस्तो कानूनले तोकिएको कर्तब्य पूरा नगरेको भएमा ती कामको मूल्याकन बस्तुगत, दशी सहित अकाट्य प्रमाणका आधारबाट पुष्टि भएको अबस्था रहने ।यस मुद्दामा पदाधिकारीहरूको कर्तब्यच्यूत भएको कारणबाट सरकारको आय (जमानत जफत पश्चात हुने) मा रू १,१४,७६,०००।- बराबरको रकम आउनबाट बन्चित गराईएको र कार्यबिधि पालना नगरी भ्रष्टाचारजन्य कार्य गरेको प्रमाण देखिएको। गर्नुपर्ने कार्य नगर्ने र नगर्नु भनेको कार्य गर्नुलाई काम भनिन्छ र कानून बमोजिम सजाय हुने कार्यलाई कसुर भनिन्छ भनि मुलुकी अपराध संहिता,२०७४ को दफा ३(ग) र (ङ) मा स्पष्ट ब्यबस्था रहेको।यस कारणबाट भ्रष्टाचारजन्य कार्य गर्नेलाई पनि सो काम गरे उपर कसुर गरेको मानि सजाय गर्न सकिने कानूनी ब्यबस्था रहेको।<br>ग) कानूनी रुपमा आर्थिक कार्यविधि तथा वितीय उत्तरदायीत्व ऐन, २०७६ को प्रस्तावनमा बजेट आर्थिक कारोवार तथा अन्य आर्थिक गतिविधीलाई समेत व्यवस्थीत गरी संघीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार पारदर्शी नतिजा मूलक तथा उत्तरदायी वनाउन समेतका लागी उक्त ऐन राज्यले वनाएको देखिन्छ। सो ऐनको दफा ५३ (१) ले " सार्वजनिक जवाफदेहिताको पद धारण गरेको ब्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोवार वा निज आफैले गरेको कारोबार सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमाबली बमोजिम सम्बन्धित ब्यक्ति जिम्मेवार हुने छन। "भनिएको छ भने ऐ.ऐनको दफा ५३(२) मा "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमाबली एवं प्रचलित कानून बमोजिम कारोबारसंग सम्बन्धीत कागजात तयार गर्ने,जाँच गर्ने,पेश गर्ने र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सो सँग सम्बन्धित कारोवार बहन गर्नु पर्नेछ र त्यस्तो कामको सम्बन्धित निज आफै जवाफदेही हुनेछ भन्ने ब्यवस्था रहेको छ। कोही कसै पदाधिकारीबाट जानी जानी वा नियतवश सरकारी कार्यालयबाट गरिने आर्थिक कारोवार र सो सँग सम्बन्धीत खरिद कार्यबाट राज्यलाई प्रत्यक्ष अप्रत्यक्ष हानी नोक्सानी पार्ने वा दायीत्व सृजना गर्ने कार्य कसैबाट हुन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विगो समेत निजबाट असुल उपर हुन तथा निमित्त आयोजना प्रमुख रहेका प्रतिवादी वेलवहादुर नेपालीले मिति २०७४/९/१६ मा उक्त ठेक्काको तेश्रो पटक मिति २०७४/९/१६ सम्मको लागि म्याद थपको टिप्पणी उठाई सिफारिस गरेको र सोही सिफारिसको आधारमा कार्य सम्पादन जमानतको रकम रु. १,१४,७६,०००। फुकुवा हुन गई नेपाल सरकारलाई उक्त रकम हानि नोक्सानी हुन गएकोले निजहरुलाई उक्त ऐनको दफा १७ को कसूरमा ऐनको दफा १७ र दफा ३ (१) बमोजिम सजाय गरी उक्त विगोसमेत असुल उपर हुन र प्रतिवादी गिरिप्रसाद श्रेष्ठ र श्यामबहादुर खत्रीले मिति २०७५/३/३२ मा ठेक्का तोड्ने र कालो सूचीमा राख्ने टिप्पणीमा उक्त कार्य सम्पादन जमानतको सम्बन्धमा भने केही उल्लेख नगरेको कारण उक्त जमानत साथै रु १,१४,७६,०००।- को कार्य सम्पादन जमानत जफत वा थप अन्य कुनै कार्वाही अगाडी नबढाउँदा | काठमाण्डौबाट भएको फैसला।<br><br>**२. विशेष अदालतले फैसला गर्दा लिएका आधारहरु :**<br>क) बैंक जमानतको सैद्धान्तिक अवधारणा र कानूनी व्यवस्थाको बारेमा पनि चर्चा गर्न आवश्यक र उपयुक्त हुने देखियो। कुनै एक व्यक्तिले लिएको ऋण वा कबूल गरेको दायित्व चुक्ता नगरेमा वा पूरा नगरेमा तेस्रो पक्षले चुक्ता वा पूरा गरिदिने गरी करार भएकोमा जमानत सम्बन्धी करार भएको मानिनेछ।' जमानत दिएकोमा ऋण तिर्नुपर्ने व्यक्तिले नतिरेमा वा पूरा गर्नुपर्ने दायित्व पूरा नगरेमा करार बमोजिमको शर्त त्यस्तो ऋण वा दायित्व जमानत दिने व्यक्तिले पूरा गरिदिनु पर्छ। जमानतलाई सामान्य जमानत र बैंक जमानत गरी बर्गिकरण गर्न सकिन्छ। सामान्य जमानत भन्दा बैंक जमानत फरक बिषय रहेको। बैंक जमानतमा बैंक र हिताधिकारी जम्मा गरी दुई पक्षको मात्र उपस्थिति हुने। बैंक जमानत मूल करार भन्दा स्वतन्त्र आफैमा पूर्ण करार हो भनी बैंक जमानतको परिभाषा गरिएको पाइएको। बोलपत्र स्वीकृति भएपश्चात् कार्य सम्पन्न गर्ने सम्झौता गर्न बोलाइएका बखत काम गर्ने प्रतिबद्धता स्वरूप पेस गरिने जमानतलाई कार्यसम्पादन जमानत (Performance Bond ) भनिन्छ भनी सर्वोच्च अदालतले स्पष्ट गरेको।<br><br>ख) सम्झौताको शर्त अनुसार बचन पूरा हुनको लागि दिइने कार्य सम्पादन जमानत वा वैंक ग्यारेण्टी करारको शर्तसँग सम्बन्धित रहेको। ग्यारेण्टी पत्र जारी गर्ने बैंकले हिताग्राही पक्ष (Beneficiary) को | गएको भए त्यसको जिम्मेवारी सम्बन्धित तत् तत् पदाधिकारीहरु हुनु पर्ने भन्नेमा दुबिधा नदेखिएको।<br>ध) त्यसैगरी भ्रटाचार निवारण ऐन,२०५९ को दफा ५९(ङ) मा कुनै राष्ट्रसेवक वा व्यक्तिउपर यस ऐन अन्तर्गत् मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिउपर नेपाल सरकार वा सार्वजानिक संस्थालाई पुग्न गएको हानि नोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तर्गत् मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन "भन्ने समेत कानूनी व्यवस्था समेत रहेको।<br>ङ) सम्मानित अदालतले प्रस्तुत मुद्धामा बैंकको कार्य सम्पादन जमानत फुकुवा गर्न वा फिर्ता दिन प्रतिवादी आयोजनाका कर्मचारीहरुका कुनै प्रत्यक्ष संलग्नता देखिएन भन्ने उल्लेख गरेको समेत देखियो। यस मुद्धामा गर्नुपर्ने काम नगरेको र नगर्नु पर्ने काम गरेकाले बैंकबाट जारी हुने कार्य सम्पादन जमानतको Validity जाँच गरी सो लाई Updated (म्याद सहित दुरुस्त) गराई राख्नु पर्नेमा सोहि काम नगरेका भन्ने र Validity नभएको एवं म्याद नभएको कार्य सम्पादन जमानतको रकम जफत हुन नसक्ने गरी कार्यालयका कर्मचारी प्रतिवादी सहअभियुक्तहरुले कार्य गरी गराई आएको तथा जमानतको रकम बैंकबाट दावी (Claim) नगरेको भन्ने जिकिर दावी रहेको देखिन्छ। उक्त काम नगरेबाट सरकारी राजश्वमा आउने रकम अर्थात आम्दानी नआएको पुष्टि भइसकेको छ। यसरी performance bond जफत हुन नसकेको तथ्य पुष्टि भईरहेको अवस्थामा पनि यी कर्मचारी प्रतिवादीहरुका प्रत्यक्ष संलग्नता नभएको भन्ने तर्क लगाइ प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको फैसलामा मिसिल संलग्न प्रमाण कागजातको उचित मूल्याङ्कन र विश्लेषण हुन नसकेको हुँदा उक्त फैसला त्रुटिपूर्ण रहेको।<br>च) दुईटा बैंक जमानत भएकोले तथ्यको भ्रममा परेको भन्ने समेत व्याख्या गरी त्यस्तोलाई कसुर नमानेको जुन अदालतको तर्फ रहेको त्यस तर्फ हेर्दा, केवल त्यस्तै कागजात (Documentation) मिलाउन लेखा शाखा र आयोजना प्रमुखको पदमा आर्थिक अधिकार सहित जिम्मेवारी दिएकोमा सोहि कर्तव्य, दायीत्व मै चुक्दा तथ्यमा भ्रम परेको सिद्धान्त लाग्न मिल्दैन ।किनकी आफै लेखाको प्रशासन चलाउदा २ वटा बैंक जमानत रहेको भन्ने आ.व. २०७४/७५ फागुनसम्मको खर्च प्रतिवद्धता अभिलेखन फाराम तयारी गर्दा प्रतिवेदन फाराममा उल्लेख गर्दै कर्मचारीहरुबाट सहिछाप गरी आएको स्थितीमा त्यहि काममा तथ्यको भ्रम भनी उन्मुक्ती दिन मिल्ने अवस्था कदापी मिल्ने विषय हुन सक्दैन। नकि प्रशासनिक त्रुति भएको सम्म आधार वनाई छुट दिन नै सकिने प्रकृतीको हुन्छ। यी गैरकानूनी कार्य आर्थिक कर्तव्य/दायीत्व बोकेकाले गरेको हुनासाथ स्वतः भ्रटाचार जन्य कसुर हुने भएकोले नै भ्राटाचार नियन्त्रण गर्न भ्रटाचार निवारण ऐन, २०५९ को दफा १७ को परिकल्पना गरेको अवस्था यहाँ मानन् योग्य हुन आउँछ।यसैले नीज प्रतिवादीहरूले उन्मुक्ति पाउने न कानूनले छुट दिएको छ, न कर्तब्यच्यूत हुन उन्मुक्ति दिएको अबस्था नै छ।गलत कामको कारणीहरू ती तत्-तत् बिषयमा सबै कानूनको नजरमा कसुरदार भइ सजायको भागिदार बन्ने गर्दछन्।<br>छ) यस मुद्धाको मिसिल संलग्न कागजातबाट तत्कालिन ठेक्काको दोस्रो चोटी म्याद थप गर्दा निर्माण व्यवसायीले कार्य सम्पादन जमानत NB:PS: PB ३८२०८/२०१४ को मात्र म्याद थप गरी मिति २०७३/०७/०९ मा निवेदन सहित आयोजनामा निवेदन द.नं. ९६मा दर्ता गरेको देखिन्छ । उक्त निवेदनलाई आयोजना प्रमुख खड्गलाल श्रेष्ठले लेखा शाखामा तोक आदेश गरेकोमा निर्माण व्यवसायीले कार्य सम्पादन जमानत NB:PS: PB ३८०४८/२०१४ को म्याद थप नगरेको विषय शाखाको तत्कालिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (जमानतको Claim नगरेको) कारणबाट सरकारी राजस्वमा नोक्सानी हुन गएको कारणले फुकुवा हुन गई नेपाल सरकारलाई सोही रकम हानिनोक्सानी हुन गएकोले निजहरूलाई पनि उक्त बिगोमा दफा १७ को कसूरमा सजाय गरी हिनामिना भएको उक्त बिगो असुल उपर हुन तथा ZIEC - Pappu JV का अख्तियार प्राप्त प्रतिवादी सुमित रौनियारले उक्त ठेक्काको म्याद थप माग गर्दा रु. १,१४,७६,०००।- कार्य सम्पादन जमानत नविकरण नगरी म्याद थप गराई उक्त जमानत रकम फुकुवा गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसार कसुर गरेकोले सो बिगोमा सोही दफा बमोजिम सजाय हुन तथा उक्त विगो निजबाट असुल उपर गरी जफत हुन समेतको प्रत्येक प्रतिवादीको हकमा छुट्टाछुट्टै मागदाबी लिइएको। | नाममा बैंक ग्यारेण्टी जारी गरिसके पछि यसले स्वतन्त्र र भिन्न करारको रुप धारण गर्दछ। मूल करारका पक्षहरु बीचको विवादसँग उक्त बैंक ग्यारेण्टी सम्बन्धी करार अन्तर्गत बैंक ग्यारेण्टीकर्ता बैंकले पूरा गर्नुपर्ने दायित्वमा कुनै असर नपर्ने भनी व्याख्या गरिएको छ।<br><br>ग) अब प्रतिवादीहरूको कारणले निर्माण व्यवसायीले राखेको बैंक जमानत फुकुवा भएको हो वा होइन? भन्ने निरूपण गर्नुपर्ने पहिलो प्रश्नतर्फ विचार गर्दा टेकु पुल निर्माणको लागि प्रकाशित सूचनामा १०% कार्य सम्पादन जमानत राख्नुपर्ने भन्ने र बोलपत्र स्वीकृत भई Letter of Acceptance (LOA) थप २.५% हुनु पर्ने उल्लेख भए बमोजिम जम्मा कम्तिमा १२.५% को कार्य सम्पादन जमानत राख्नुपर्ने उल्लेख भई प्रतिवादीले निर्माण व्यवसायीले सम्झौताको Clause ४.२ अनुसार जमानतको अवधि घटीमा Defects Notification Period सम्म अर्थात कम्तिमा मिति २०७४।३।८ (June २२, २०१७) सम्मको हुनुपर्ने देखिन्छ। म्याद सकिनुभन्दा २८ दिन अघि कार्य सम्पादन जमानतको म्याद थप हुनुपर्ने शर्त देखिएको। बैंक जमानत फुकुवा गर्न वा फिर्ता दिन आयोजनाका प्रतिवादी कर्मचारीहरू वा आयोजनाले जमानत दिने सम्बन्धित बैंक तथा निर्माण व्यवसायीलाई पत्र लेखेको नदेखिएको। उक्त बैंक जमानत फुकुवा गर्नमा निर्माण व्यवसायी बाहेकका प्रतिवादीहरूको प्रत्यक्ष संलग्नता नदेखिएको।<br><br>घ) प्रतिवादी मध्येका नारायणबहादुर थापाको हकमा हेर्दा निज उपर आयोजनाको | प्रतिवादी लेखा अधिकृत नारायण बहादुर थापाले आयोजना प्रमुखलाई जानकारी नगराई मिति २०७३/८/१५ मा ठेक्काको दोश्रो चोटी म्याद थप गर्दा हाल कार्य सम्पादन जमानतको म्याद समेत थप गरेको छ भनी टिप्पणी उठाइ सिफारिस गरेको र सोही सिफारिसका आधारमा ठेक्काको आयोजना निर्देशक दिपक श्रेष्ठबाट म्याद थप निर्णय भएको देखिन्छ। लेखा अधिकृत नारायण बहादुर थापाले बयान गर्दा ठेक्का सम्झौता फायल आफूसँग नभएकोले अर्को जमानत भए नभएको थाहा नभएको र पेश भएका कागजातहरुका आधारमा र एक मात्र कार्य सम्पादन जमानतको आधारमा नै राय दिएको हुँ भनी उल्लेख गरेको।<br>ज) म्याद थप गर्न मिति २०७३/७/९ मा ठेकेदारबाट निवेदन परेपछि कार्य सम्पादन जमानत NB:PS:PB:३८२०८/२०१४ को मात्र म्याद थप गरेको देखिन्छ। अर्को कार्य सम्पादन जमानत NB:PS:PB:३८०४८/२०१४ को म्याद २०७४/१/२९ मा समाप्त भएकोमा सो को म्याद थप गरिएको देखिँदैन। मिति २०७४/७/२२ बाट PBG को जमानतको हकमा सो PBG (कार्य सम्पादन जमानत )को जमानत जस्को नाउँमा जारी गरेको कार्यालयल निस्क्रिय भई दिदा अर्कोपक्ष ठेकेदारको निवेदन माग बमोजिम बैकबाटै जमानत कायम नभएको स्थितीमा ठेकेदार पक्ष आफैले जमानत फिर्ता गरिसकेको पाईन्छ। पुरै अंक अर्थात १२.५% (५+७.५%) को वरावरको कार्य सम्पादन जमानत नल्याएको र पुरै अंक बरावर म्याद थप नभएको अर्थात सम्झौताको संरक्षण वापत राखिनु पर्ने कार्य सम्पादन जमानत नराखेको देखिंदा देखिदै पनि आयोजना प्रमुख वेला प्रसाद नेपालीले NB:PS:PB:३८०४८/२०१४ को हकमा मिति २०७४/९/१६ मा टिप्पणी उठाई तेस्रो चोटी मिति २०७४/९/१६ सम्मको म्याद थप सिफारिस गरी दिगो यातायात आयोजना निर्देशक अनन्त आचार्य सामु पेश भई निर्णय गराएको देखिएको।<br>झ) ठेक्काको म्याद थप गर्ने सिलसिलामा निर्माण व्यवसायीले कार्य सम्पादन जमानत NB:PS: PB: ३८२०८/२०१४ को मात्र म्याद थप गरी मिति २०७३/०७/०९ मा निवेदन सहित आयोजनामा निवेदन दर्ता भएपछि सो निवेदनमा आयोजना प्रमुखले लेखा शाखामा तोक आदेश गरेकोमा नारायण बहादुर थापाले आयोजना प्रमुखलाई मिति २०७३/८/१५ मा ठेक्काको हाल कार्य सम्पादन जमानतको म्याद समेत थप गरेको छ भनी गलत टिप्पणी उठाइ सिफारिस गरेको मिसिल संलग्न कागजातबाट देखिएको छ। NB:PS: PB: ३८०४८/२०१४ को रु ११४७६००० बराबरको Renew वा म्याद थप गरी कार्य सम्पादन जमानत (PBG) लिनुपर्नेमा नलिई निर्माण ब्यबसायीलाई प्रत्यक्ष फाईदा र नेपाल सरकारलाई घाटा एवं हानी नोक्सानी पुर्याएको पुष्टि भइरहेको छ। नेपाल बंगलादेश बैंकबाट जारी भएको NB:PS: PB: ३८०४८/२०१४ कार्य सम्पादन जमानतको हकमा मिति १२/०६/२०१७ AD(Twelve of may two thousand seventeen) का दिन कार्यालय समय भित्र नियमानुसार Claim ( भुक्तानी दाबी) नगरेका कारणबाट सो NB:PS: PB: ३८०४८/२०१४ कार्य सम्पादन जमानत Expire (समाप्त) हुन गएको प्रष्ट देखिन्छ। नेपाल सरकारका सम्बन्धित पदाधिकारीहरूको लापर्वाही पूर्ण कार्य गरेकै कारण रु ११४७६००० को कार्य सम्पादन जमानतको म्याद कायम राख्न नसकेको र सोहि कारणबाट राज्यले जफत मार्फत आम्दानी गर्ने सोही बराबरको रकम हानी नोक्सानी हुन गएको स्पष्ट छ। नेपाल बंगलादेश बैंकले मिति २०७६/१०/१२ गते प.सं न.बि.: ००१सि.आरः/१४४/०७६/७७ को Complince Department ,Head Office,लाई लेखेको पत्रको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | दोस्रो पटक म्याद थपको लागि आयोजना प्रमुख समक्ष टिप्पणी पेस गर्दा ठेक्काको “हाल कार्यसम्पादन जमानतको म्याद थप गरेको छ" भन्ने गलत बेहोराको टिप्पणी उठाई सिफारिस गरेको र सोही टिप्पणीको आधारमा निर्माण व्यवसायीले राखेको पहिलो कार्य सम्पादन जमानत फुकुवा भई नेपाल सरकारलाई हानि नोक्सानी पुगेको भन्ने आरोप दावी देखियो। निर्माण व्यवसायीले दुई वटा बैंक जमानत पेस गरेको तथ्य प्रतिवादीलाई थाहा नभएको भनी बयान जिकिर लिएको देखियो। सो तथ्यलाई वादीले अन्यथा हो भनी खण्डन गर्न सकेको पनि नदेखिएको। सोही आयोजनाको दोस्रो कार्यसम्पादन जमानतको म्याद बाँकी नै रहेको अवस्थामा प्रतिवादी तथ्यको भ्रममा परेको भन्ने देखियो। यस्तो कार्यलाई प्रचलित नेपाल कानूनले कसूर मानेको पनि नदेखिएको।निजले निर्माण व्यवसायीले राखेको कार्य सम्पादन जमानत फुकुवा गर्ने सम्बन्धमा सिफारिस वा राय पेस गरेको देखिएन। प्रतिवादी नारायणबहादुर थापाको उक्त कार्यमा मिलेमतो वा संलग्नता र बदनियत पुष्टि नभएको अवस्थामा निजउपरको आरोप दावी पुष्टि हुने नदेखिएको।<br><br>ङ). प्रतिवादी बेलबहादुर नेपालीले सरकारी रकम लिने खाने तथा हानि नोक्सानी पु-याउने बदनियत र मनसाय पुष्टि नभएको अवस्थामा दावीको कसूर गरेको मान्न मिल्ने नदेखिएको।उक्त आयोजनाको तेश्रो पटक मिति २०७४/९/१६ मा म्याद थपको टिप्पणी उठाई सिफारिस गर्दा जमानत फुकुवा भैसकेको अवस्था देखिदा | प्रकरण नं ५ मा NB:PS: PB: ३८०४८/२०१४ कार्य सम्पादन जमानतको म्याद सकिएको र सो अवधिमा सम्बन्धित कार्यालयको कुनै दाबी रोक्का सम्बन्धी पत्र प्राप्त नभएकोले मिति २०७४/७/१२ को पप्पु कन्स्ट्रक्सनको निवेदनले मिति २०७४/७/२२ मा फुकुवा भै गएको भन्ने व्याख्या उल्लेख भएबाट दीगो शहरी यातायात आयोजना कार्यालयबाट जे जो दाबी (Claim) लिनु पर्ने हो सो नलिएको कारणबाट ती घट्ना( जमानत फुकुवा) भएको पुष्टि भएको।<br>ञ) उल्लेखित ठेक्काको चौथो पटकको म्यादको लागी निवेदन परेकोमा आयोजनाले अस्वीकृत गरेको हुँदा Liquidate Damage को २०० दिन थप मिति २०७४/९/१६ बाट सुरु भएको देखिन्छ। उक्त अवधिमा ठेक्काको कार्य सम्पन्न नभएमा अनिवार्य ठेक्काको अन्त्य (Contract Termination) गर्नु पर्ने सम्झौताको Clause ८.७ मा कानूनी व्यवस्था रहेको देखिन्छ। त्यो ठेक्का अन्त्यको लागि आयोजना कार्यान्वयन ईकाई ववरमहलले आ.व. २०७४/०७५ को फाल्गुणसम्मको खर्च प्रतिवद्धता अभिलेखन फारम तयार गर्दा Contract No. KSUTP / W/DOR/ICB-०२ को कार्य सम्पादन धरौटी रकम रु. १,१४,७६,०००।०० र रु. १.७२,१४,०००।०० भनी जमानतको जारी मिति तथा वैधता मिति समेत उल्लेख गरी लेखा अधिकृत श्री श्याम बहादुर खत्री र निमित्त आयोजना प्रमुखको रुपमा नीज बेल बहादुर नेपालीले नै हस्ताक्षर गरेको स्पष्टै देखिई रहेको स्थितिमा लेखा शाखामा ठेक्काको कागजात नभएको र लेखा शाखालाई ती कागजपत्र बारे जानकारी नभएको भनी गरेको प्रतिवादीहरुका बयान व्यहोरामा कुनै सत्यता देखिदैन। नीज सबै पदाधिकारीहरूले पदिय हैसियतले आ-आफनो हस्ताक्षर गरेको प्रष्ट खुली रहेको परिप्रेक्ष्यमा नीज दुवै सरकारी कर्मचारीहरु वेल बहादुर नेपाली र नारायण बहादुर थापाले आ-आफ्नो व्यवसायीक काम कर्तव्य र जिम्मेवारी ननिभाएको कारणबाट र आर्थिक कार्यविधी तथा वितीय उत्तरदायीत्व ऐन, २०७६ वमोजिम गर्नुपर्ने कर्तव्य निर्वाह नगरेकै कारण ठेक्का वन्दोवस्तीका काम कार्वाही अनियमित रुपमा अगाडि बढेकोमा कुनै विवाद छैन। यस प्रकार प्रतिवादीहरु सबैले बदनियत साथ उक्त भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएको।<br>ट) निर्माणकर्ता ZIEC-Pappu JV का तर्फबाट आधिकारीक प्रतिनिधी सुनित रौनियारलाई कसुरको विगो रु. १,१४,७६,०००/- नेपाल सरकारको कुनै खाता (राजश्व /धरौटी) मा जम्मा नभएको अवस्थामा पनि विगो जम्मा भै सकेको देखिंदा विगो जफत गर्नु परेन भनी बिशेष अदालत ,काठमाण्डौले निजको हकमा भ्रटाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ वमोजिमको कसुर ठहर गरी सजाय गर्दा सोहि दफा वमोजिम विगो जफत नगरे सम्मको हदमा सुरु विशेष अदालतको ईन्साफ मिलेको देखिदैन। ZIEC-Pappu JV ले ठेक्का लिई कार्य सम्पादन जमानत NB:PS:PB: ३८०४८/२०१४ बराबरको हुने रकम रु. १,१४,७६,०००।०० को हकमा आयोजनाले कार्य सम्पादन जमानत लिन नसकेको अवस्थामा अन्य ठेक्काबाट भए पनि असुल गर्न सकिने भनी मिति २०७६/९/१६ गते सडक बिभागको महानिर्देशक केशब कुमार शर्माबाट टिप्पणी स्वीकृत गरेको देखिन्छ। रकम जम्मा हुने ग्यारेन्टि कहि कतै नभएको अवस्थामा टिप्पणीको आधार लिई नभएको सरकारी आय(Expire bank guarantee रोक्काको बिषय) र धरौटिमा जम्मा नै नभएको रै रकमलाई आय वा जमानतको रकम उधारोबाट असुलमा परिणत भएको आंकडा देखाई स्वयं प्रतिबादी नै सडक डिभिजन काठमाण्डौका प्रमुख रहेको अवस्थामा निजको तर्फबाट च.नं १९८२ मिति २०७६/१२/०७ र च.नं १८९५ मिति २०७६/११/३० को पत्र लेख्ने काम कारवाही भएको देखिन्छ। उक्त पत्रमा जफत हुने रकम असुल गरेको जस्तो भ्रम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिवादीको कारणले जमानत फुकुवा भै नेपाल सरकारलाई हानि नोक्सानी भएको नदेखिएको।<br><br>च). प्रतिवादी गिरिप्रसाद श्रेष्ठ र श्यामबहादुर खत्रीले मिति २०७५।३।२२ मा ठेक्का तोड्ने र कालो सूचीमा राख्ने टिप्पणी पेस गर्नुभन्दा पहिले मिति २०७४।१।२९ मा नै उक्त कार्य सम्पादन जमानतको म्याद समाप्त भैसकेको तथा मिति २०७४।७।२२को निर्माण व्यवसायीको निवेदनको आधारमा उक्त जमानत फुकुवा भैसकेको देखिएको। प्रतिवादीहरूको कारणले जमानत फुकुवा भै नेपाल सरकारलाई हानि नोक्सानी भएको भन्ने बस्तुनिष्ठ प्रमाणबाट नदेखिएको।<br><br>छ). प्रतिवादी निर्माण व्यवसायीं सुमित रौनियारले निज संलग्न ZIEC-Pappu JV का अख्तियार प्राप्त प्रतिनिधि रहेकोमा विवाद नदेखिएको। कम्पनीको तर्फबाट राखेको कार्यसम्पादन जमानतको १२.५% मध्ये पहिलो ५.५% ले हुने रू. १,१४,७६,०००।- को बैंक जमानत प्रतिवादीले मिति २०७४। ७।१२ मा सम्बन्धित बैंकमा निवेदन दिई मिति २०७४।०७।२२ मा फुकुवा गरी लगेको। समयभित्र दावी नगरेको कारण पप्पु कन्सट्रक्सनको मिति २०७४/०७/१२ को पत्रको आधारमा मिति २०७४/०७/२२ देखि उक्त कार्य सम्पादन जमानत फुकुवा भएको भनी जमानत दिने नेपाल बंगलादेश बैंकले सडक डिभिजन, काठमाडौंलाई जानकारी गराएको। यसरी फिर्ता दिन प्रतिवादी कर्मचारीहरू वा आयोजनाले जमानत दिने सम्बन्धित बैंक | श्रृजना गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सही साँचो तथ्य जस्तो देखिने गरी पत्र ब्यबहार गरेको।<br>ठ) बैधता प्राप्त कार्य सम्पादन जमानत,अग्रिम भुक्तानी जमानत लगायतका सम्पूर्ण कुराहरुको ब्यबस्थापन गर्ने कर्तब्य सम्बन्धित कार्यालयको हुने उल्लेख गरी सडक डिभिजन कार्यालय काठमाण्डौलाई नै ब्यबस्थापन गर्न फाईल फिर्ता पठाउने गरी मिति २०७६/११/२९ गते पुनश्च सडक बिभागका महानिर्देशकबाटै दुईटा ब्यहोराको कागजात(टिप्पणी) स्वीकृत गरेको। ती दुबै स्वीकृत ब्यहोरामा कार्य सम्पादन जमानत NB:PS:PB: ३८०४८/२०१४ बराबरको हुने रकम रु. १,१४,७६,०००।०० को हकमा असुल भै सकेको वा जम्मा भै सकेको भन्ने कहि कतै उल्लेख भएको नपाइएको। मिसिल संकलित उल्लेखित प्रमाण कागजातका विश्लेषण नगरी बिगो जम्मा भै सकेको भन्ने मनोगत अर्थ लगाई भ्रटाचार जस्तो देश खोक्रो बनाउने काममा उद्दत राष्ट्र सेबकहरु र ठेकेदारलाई फाइदा पुग्ने गरी बिगो जफत गर्नु नपर्ने भनी भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटीपूर्ण रहेको।<br>ड) सम्मानित बिशेष अदालत,काठमाण्डौबाट मुद्दा नं ०७५-CR-०३१२ को भ्रटाचार( रकम हिनामिना) मुद्दामा राष्ट्र सेबक कर्मचारीहरु( कार्यालय प्रमुख,लेखा प्रमुख) ले कार्य सम्पादन जमानतमा समयमा दाबी (Claim) नलिएकाले सरकारलाई हानी नोक्सानी गरे उपर प्रतिवादी हीरानन्द झा र अरुण कुमार राईलाई दोषी ठहर गरी सजाय समेत भई फैसला भईसकेको अवस्थामा सोही परिस्थिति, अबस्थाको प्रस्तुत मुद्दामा भने जानाजान लापर्वाहीयुक्त कार्य गरी कार्य सम्पादन जमानत नभै ठेक्काको म्याद थप गर्ने, सो कुरालाई ढाँट्ने,छल्ने र सो जमानतको रकम जफत सम्मको काम पनि नगर्ने र उक्त कुराको वास्तबिक्तालाई उल्टै लुकाई राख्ने राष्ट्र सेबकहरुलाई निर्दोष देखाई आरोपित कसुरबाट सफाई दिने गरी भएको बिशेष अदालतको मिति २०८०/०६/२२ को फैसला प्रमाणको उचित मुल्याकन नभएको हुँदा उक्त फैसला सो हद सम्म त्रुटिपूर्ण रहेको।<br>ढ) मिति २०७५/३/३२ मा ZIEC - Pappu J/V को ठेक्का तोडी कालो सूचीमा राख्ने कारवाहीको क्रममा गिरी प्रसाद श्रेष्ठले टिप्पणी उठाई क्रमशः शयाम बहादुर खत्री हुँदै रायको लागि निर्णय तह सम्म पुग्दा रु. १,७२,१४,०००।०० को कार्य सम्पादन जमानत (NB: PS :PB: ३८२०८/२०१४) को रकम र सो को म्याद मात्र उल्लेख गरेको देखिएको तर सोही ठेक्काको रु. १,१४,७६,०००।- कार्य सम्पादन जमानत (NB:PS:PB: ३८०४८/२०१४) को सम्बन्धमा भने केही उल्लेख गरेको देखिंदैमा यसको अलावा जमानतको समय अबधी नसकिदै Claim पनि नगरेका कारण अन्ततोगत्वा कानूनले तोकेको कार्य सम्पादन जमानत NB:PS: PB ३८०४८/२०१४ बाट प्राप्त हुने रकम रु. १,१४,७६,०००।- फुकुवा हुन गई नेपाल सरकारलाई हानि नोक्सानी हुन गएको प्रष्ट रुपमा देखिएको छ। घटनाक्रम संगै यस कार्य( राज्यलाई नोक्सानी गराउन)मा राष्ट्र सेबकहरू लेखा अधिकृत नारायण बहादुर थापा, निमित्त कार्यालय प्रमुख बेल बहादुर नेपाली, लेखापाल गिरि प्रसाद श्रेष्ठ र लेखा अधिकृत श्याम बहादुर खत्रीको भरपुर संलग्न रहेको पाईन्छ। नीजहरूले राज्यको फाईदा र कानूनी ब्यबस्था समेतको नजर अन्दाज गरी तथ्य लुकाई (जमानतको कुरा नदेखाई) उल्टै ठेकेदारको लागी मात्र बफादारिता निभाएको देखिएको। समयमा म्याद थप गराउने कार्य नभएको वा जमानत बापतको रकम Claim नभएको कारणबाटै कार्य सम्पादन जमानत NB:PS:PB: ३८०४८/२०१४ बराबरको हुने रकम रु. १,१४,७६,०००।- फुकुवा हुन गई नेपाल सरकारलाई हानि नोक्सानी हुन गएको पुष्टि भएको।यस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | तथा निर्माण व्यवसायीलाई पत्र लेखेको नदेखिएको।<br>ज). बदनियत खराव नियत, सदनियतको सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरूपयोग भएको कुरा उसको व्यवहार (By Conduct) बाट देखिने हुन्छ। भ्रष्टाचार ठहर्नका लागि नेपाल कानून वा आफूले गरेको शपथ, शर्त वा कवुलियत संझौता जानीजानी पालना नगर्नु, सुविधा वा अधिकार दुरूपयोग गर्नु, लापरवाही वा वदनियत वा जालसाजी तत्वहरूको अनिवार्यता भई त्यस्तो कार्य गरेको हुनु जरुरी देखिने" भनी सर्वोच्च अदालतबाट व्याख्या भएको।<br>झ) सम्झौता बमोजिमको कार्य पूरा नगरी वा सम्झौता रद्ध नगरी जमानतको रकम फुकुवा हुन नसक्ने व्यवस्था सम्झौतामा रहेकोमा उक्त सम्झौता बिपरीत प्रतिवादी निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम पूरा नगरी तथा सम्झौता रद्द गर्नु अगावै एकतर्फी रूपमा सम्झौताको शर्त विपरीत जमानत फुकुवाको लागि सम्बन्धित बैंकलाई अनुरोध गरी जमानत फुकुवा गरेको देखिएको। प्रतिवादीको उक्त कार्यबाट निजको बदनियत पुष्टि हुन आएको।<br>ञ) प्रस्तुत मुद्दामा करारको शर्त ४.२ मा "The Contractor shall ensure that the performance security is valid and enforceable until the contractor has executed and completed the works and remedied any defects" भन्ने उल्लेख छ। यस अनुसार आफ्ना ग्यारेन्टीहरुको नविकरण गर्ने दायित्व प्रारम्भिक रुपमा निर्माण व्यवसायीको रहने देखिएको। | प्रकार प्रतिवादी राष्ट्र सेबक कर्मचारीहरुबाट जानाजानी भएको उक्त कार्य सार्बजनिक खरिद ऐन, २०७३ ऐ. नियमाबली, ठेक्काको सम्झौता र शर्तहरू तथा बैक जमानत जारी हुँदाको शर्तहरु समेतको प्रतिकुल भई बापत भ्रटाचार निवारण ऐन २०५९ को दफा १७ अनुसारको कसुरजन्य कार्य भएको स-प्रमाण प्रमाणीत भै रहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको विशेष खदालतको फैसला त्रुटिपूर्ण हुँदा वदरभागी रहेको।<br>ण) कुनै राष्ट्र सेवकले वदनियत राखी कार्य गरेको हो वा होइन ? भन्ने कुरा समग्र मिसिलको विश्लेषणबाट निर्क्योल हुनु पर्ने हुन्छ। प्रथमतः वदनियतको दावी पुष्टि गर्नेभार वादीमा नै रहन्छ। वदनियतको दावी लिनु मात्र पर्याप्त हुन सक्दैन, वदनियत प्रमाणद्धारा पुष्टि हुनुपर्छ भन्ने हाम्रो फौजदारी न्याय प्रणालीमा स्थापित मान्यता हो। वादीले वदनियतको दावी लिँदा सो पुष्टि हुनेगरी युक्तियुक्त जिकिर लिन सक्नुपर्छ। कतिपय अवस्थामा वदनियत पुष्टि हुन भौतिक प्रमाणको अभाव रहन्छ। परिस्थितिजन्य प्रमाणको विश्लेषणबाट वदनियत छ, छैन ? भनी निष्कर्ष आउन सक्छ। वस्तगुत रुपमा तथ्यगत परिस्थितिको (Objective factual circumstances) बिश्लेषण गरी वदनियत रहे वा नरहेको निष्कर्षमा पुग्न सकिन्छ। वदनियत मुद्दाको तथ्यगत परिस्थितिबाट देखिन सक्छ भन्ने विश्वव्यापी मान्यता हो भनी United Nations Convention Against Corruption २००३, Article १९ मा पनि स्पष्ट भै रहेको सन्दर्भमा वदनियतको विद्यमानता आर्थिक लाभ दिए लिएको प्रमाणको आधारमा मात्र पुष्टि हुने होइन वल्की वस्तगुत रुपमा तथ्यपरक परिस्थितिको आधारमा पनि प्रमाणीत गर्न सकिने हुन्छ भन्ने हाम्रो फौजदारी न्यायको मूलभतू मान्यता रहेको। भ्रटाचारको कसूरमा प्रत्यक्ष प्रमाण (Direct evidences ) फेला नपरेको अवस्थामा प्रतिवादीको मनसायको व्याख्या गर्दा वस्तगुत रुपमा तथ्यपरक परिस्थितिको आधारमा व्याख्या गर्ने गरिएको। आज बिशेष कानूनहरुमा यसको उपादेयता बढ्दो क्रममा रहेको। यस क्रममा बुँदागत रुपमा हेर्दा बैक जमानत म्याद नभएको, संलग्न नै नगरेको रु.१,१४,७६,०००।- को कार्य सम्पादन जमानत छ भनी प्रतिवादी ले.अ.नारायण बहादुर थापाले टिप्पणी पेश गरेको, आ.ब. २०७४/७५ सम्मको फागुण सम्मको खर्च प्रतिबद्धता अभिलेखन फाराममा दुबै कार्य सम्पादन जमानत छ भनी उल्लेख भएको, निमित्त कार्यालय प्रमुख बेल बहादुर नेपालीले जानीजानी टिप्पणी माथिल्लो अड्डा प्रमुख समक्ष पेश गरेको, जमानतको रकम असुल भए सरहको कथित पत्रहरु चलानी गर्दै आएको, अन्य लेखाका कर्मचारीहरु गिरि प्रसाद श्रेष्ठ,श्याम बहादुर खत्रीले ठेक्का तोड्दै गर्दा नपुग कार्य सम्पादन जमानतको बारेमा स्पष्ट र बास्तविक कुरा सतहमा नल्याई जफत नभएको जमानत रु ११४७६०००/- को बारे केही उल्लेखै नगरी झुठ्ठा राय दिई सरकार (राज्य)लाई छलकपट र नोक्सानी पारेको तथा ठेकेदारले रु ११४७६००० को जमानत निष्कृय बनाउन निवेदन दिई कसुरजन्य कार्य गरेको र सो कार्यलाई गुपचुप बनाएको समेतबाट सबै कर्मचारीका मिलोमतो सरकारी सम्पतिको हानी नोक्सानी गर्ने र भ्रटाचारजन्य कार्यमा प्रतिवादीहरुको सक्रियता संलग्नता स-प्रमाण पुष्टि भई प्रमाणित रहेको अवस्थामा आरोपपत्र मागदावी वमोजिमको कसुर ठहर नगरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>य) यस प्रकार प्रचलित आर्थिक कार्यबिधी तथा बितीय उत्तरदायित्व ऐन, २०७६ अनुसार सार्वजनिक जवाफदेहिको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोवार वा निज आफैले गरेका कारोवारका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावली वमोजिम सम्बन्धित व्यक्ति जिम्मेवार हुने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ। यसरी कानूनले तोकेको कानूनी दायित्वको कर्तव्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निर्माण व्यवसायीले ठेक्का सम्झौता गर्दा २ वटा कार्यसम्पादन जमानत जारी गरेकोमा दुवै जमानतको नविकरण हुनुपर्नेमा एउटा जमानतको मात्र नविकरण गरी अर्को नविकरण नगराएको देखिएको। एउटा मात्र जमानत नविकरण गराउने कार्य सम्झौता विपरीत देखियो। निर्माण व्यवसायीले ठेक्काको शर्त विपरीत कार्य सम्पादन जमानत फुकुवा गरी लगेकोले निर्माण व्यवसायीले निजले सम्झौताको दफा ४.२ को शर्त विपरीत नेपाल बङ्गलादेश बैंकलाई गलत व्यहोरा जनाई मिति २०७४/७/२२ मा फुकुवा गराइसकेको देखिएको। यसर्थ निर्माण व्यवसायीलाई ठेक्का सम्झौता गर्दा २ वटा कार्य सम्पादन जमानत राखेको थाहा हुँदाहुँदै म्याद थपमा १ वटा ७.५% जमानतको मात्र नवीकरण गरी पेस गरेको र अर्को ५% बराबरको जमानतको म्याद थप नगरी फुकुवाको लागि निवेदन दिएको हुँदा निर्माण व्यवसायीको असल नियत नभएको देखियो। साथै मिति २०७७/४/२३ मा आयोजनाले बैंक जमानत नविकरण गर्न पत्राचार गरेपछि मिति २०७८/२/२७ सम्म म्याद रहेको बैंक जमानत नवीकरण गरेको देखिएबाट प्रतिवादी निर्माण व्यवसायीको वदनियत थप पुष्टि हुन आएको।<br><br>ट). कुनै किसिमको दावी विरोध आएमा कम्पनी जवाफदेही हुने भनी सम्झौतामा उल्लेख भएको र अहिलेसम्म निर्माण व्यवसायीको साठी लाख धरौटी बाँकी र रोक्का नै रहेको तथा मिति २०७९।७।१५ को नविल बैंकको पत्रबाट पुनः बैंक जमानत प्राप्त भइ रोक्का रहेको भन्ने देखिदा | पुरा नगरी Performance Bond (कार्य सम्पादन जमानत) Complete (पुरै अंक) राख्न लगाई ठेक्का म्याद थप गर्नु पर्नेमा सो कार्य नभएको अवस्थामा सो बैक जमानत बेगर ठेक्काको म्याद थपको कार्यलाई रोक्नु पर्ने र ठेकेदारलाई अन्य थप आवश्यक कारवाही गर्नुपर्ने देखिएको। प्रतिवादीहरुले उल्लेखित कुनै कार्य नगरी पुरै कार्य सम्पादन जमानत भए सरह मानेका कारणले Contract Termination गर्दा कार्य सम्पादन जमानत जफत गर्न नसकि रु.१,१४,७६,०००/- वरावरको रकम सरकारलाई घाटा पारी हानिनोक्सानी पुराएको देखिंदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ समेतको कसुरजन्य कार्य गरेको पुष्टि हुन आएको। यसरी सप्रमाण कसुर पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरुले कसुरजन्य अपराध नगरेको भनी ले.अ. नारायण बहादुर थापा, नि. आयोजना प्रमुख बेल बहादुर नेपाली, ले.पा. गिरी प्रसाद श्रेष्ठ, ले.अ. श्याम बहादुर खत्रीलाई पूर्ण सफाई दिने गरि भएको फैसला कानून सम्मत नरहेको हुँदा वदरभागी रहेको।<br><br>र) विशेष अदालत काठमाडौंबाट प्रतिवादीहरु मध्ये प्रतिवादी सुमित रौनियारले Defect Notification Period बाँकी छँदै मिति २०७४।०७।१२ मा नेपाल बंगलादेश बैंकमा निवेदन दिई नेपाल सरकारलाई हानि पु-याउने वदनियतले कार्य सम्पादन जमानत रु.१,१४,७६,०००।- फुकुवा गराई लगेको प्रतिवादीको वयान लगायतका मिसिल संलग्न प्रमाण कागजहरुबाट देखिएको भन्ने आधारमा प्रतिवादी सुमित रौनियारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) बमोजिम कसूर गरेको ठहर्याई प्रतिवादीलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४(ङ) बमोजिम कैदको सजाय नगरी उक्त विगो रु. १,१४,७६,०००।- बमोजिम जरिवाना हुने ठहर्याई विगो जम्मा भैसकेको देखिंदा विगो जफत गर्नु परेन भनी गरेको फैसलामा बिगो जफत नगरेको हद सम्म उक्त फैसला मिलेको नदेखिएको। सो कारणबाट निर्माण व्यबसायी सुमित रौनियारलाई कानूनले राख्नु पर्ने कार्य सम्पादन जमानतको रकम बराबरको बिगो रू ११४७६०००।०० नीजको स्वामित्वको जुन जहाँसुकैको सम्पतिबाट भएपनि तत्कालै जफत गरी राजस्वमा दाखिला हुनुपर्ने देखिएको। अन्य प्रतिबादीहरू मध्ये प्रतिवादीहरु लेखा अधिकृत नारायण बहादुर थापा, निमित्त आयोजना प्रमुख वेलब बहादुर नेपाली, लेखापाल गिरीप्रसाद, श्रेष्ठ, लेखा अधिकृत श्यामबहादुर खत्रीले अभियोग दाबीवाट सफाई पाउने गरी नीजहरुका हकमा भएको फैसला समेत मिलेको नदेखिएको।<br><br>य) यसर्थ अख्तियार प्राप्त अधिकारीले आफुले गरेको कार्यको दायित्व जिम्मेवारी लिनुपर्नेमा त्यस्तो जिम्मा कसैले लिनु नपर्ने भएमा सरकारी कामकार्वाही कानून सम्मत ढंगले नचल्ने स्थिति आउन सक्ने तर्फ अनदेखा भएको भनी ने.का.प. २०६८ अंक ६ निर्णय नं ८६३६ को मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादीत नजिरको समेत बिपरित हुने गरी भएको बिशेष अदालतको मिति २०८०/०६/२२ को फैसलामा ZIEC - Pappu JV ले राख्नु पर्ने कार्य सम्पादन जमानतको बिगो रु.१,१४,७६,०००।जफत नगरेको र तत्कालिन पदाधिकारी प्रतिबादी कर्मचारीहरूका हकमा मागदाबी नपुग्ने ठहर भएकोले उक्त फैसला नमिलेको देखिंदा सो हदसम्म बिशेष अदालतको फैसला बदर गरी सबै प्रतिवादीहरू उपर मागदाबी बमोजिमको कसुरमा सजाय गरी पाउन मागदाबी रहेको।<br><br>**अतः सम्मानित विशेष अदालत काठमाडौंबाट मिति २०८०/०६/२२ मा भएको फैसलामा प्रत्यर्थी प्रतिवादीहरु लेखा अधिकृत नारायण बहादुर थापा, निमित्त आयोजना प्रमुख बेल बहादुर नेपाली, लेखापाल** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कार्य सम्पादन जमानत फुकुवाबाट नेपाल सरकारलाई हानि नोक्सानी पुगेको छैन भन्ने प्रतिवादी निर्माण व्यवसायीको तर्फबाट उपस्थित विद्वान कानून व्यवसायी समेतको जिकिर देखिदा कार्य सम्पादन जमानत फुकुवाबाट नेपाल सरकारलाई हानि नोक्सानी पुगेको वा छैन ? वा दावीको दफा १७ को कसूर भएको छ वा छैन भन्ने सम्बन्धमा निर्णय हुनुपर्ने देखियो। सो सम्बन्धमा विचार गर्दा प्रतिवादीले सम्झौता बमोजिम राखेको पहिलो जमानत आयोजनालाई जानकारी नदिई एकतर्फी रूपमा लिने खाने नियतले जानाजान फुकुवा गरेको देखिदा प्रतिवादीको बदनियत रहे भएको भन्ने माथि विवेचना भैसकेको छ। यस्तै प्रकृतिको मुद्दामा सर्वोच्च अदालतबाट "कसुर गरेको समयमा कसुरदारले गरेको कार्यबाट नै फौजदारी दायित्व बहन गर्नुपर्ने हुन्छ। कसुर गरेको भनी लगाइएको अभियोग दाबी प्रमाणबाट समर्थित भइसकेपछि तिर्नुपर्ने रकम दायित्व बहन गरिरहेको छु भनी हानि नोक्सानी भएको बिगोसम्म दाखिल गर्ने प्रयोजनका लागि भएका कार्यहरूबाट फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त नहुने" भनी प्रतिपादन भएको सिद्धान्त" प्रस्तुत मुद्दामा पनि सान्दर्भिक हुने देखिएको। प्रतिवादी निर्माण व्यवसायीले बिगो दाखिल गरिसकेको देखिंदा बिगो भराउनुपर्ने अवस्था नदेखिए पनि फौजदारी दायित्वबाट उन्मुक्ति पाउने नदेखिएको। | **गिरी प्रसाद श्रेष्ठ, लेखा अधिकृत श्याम बहादुर खत्रीले अभियोग दावीबाट पूर्ण सफाई पाउने गरी भएको फैसला तथा निर्माणकर्ता ZIEC - Pappu JV ले कानून बमोजिम राख्नु पर्ने कार्य सम्पादन जमानत बराबरको बिगो रु१,१४,७६०००।- जफत नगरेको बिशेष अदालतको उक्त फैसला सो हदसम्म कानून सम्मत नदेखिंएकोले उक्त त्रुटिपूर्ण फैसला सो हदसम्म बदर गरी सबै प्रतिवादीहरुलाई आरोपपत्र मागदाबी बमोजिम गरी पाउन पुनरावेदन जिकिर लिइएको।** |